प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१७ । । अङ्क : २२१ ॥ २०८२ असोज ०८ गते बुधबार (24th Sep 2025 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-



**मुटुलाई माया गरौं ।**

मुटुलाई स्वस्थ राख्नः
- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जिवनशैली अवलम्बन गरौं,
- मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार विज्ञापन बोर्ड


# फेरि आन्दोलन गर्ने घाइते र शहीद परिवारको चेतावनी





झापा(प्रस) । ७४ जनाले ज्यानको आहुती दिएको जेनजी आन्दोलनकारीहरुको माग पूरा नभए फेरि आन्दोलन गर्ने घाइते र शहीद परिवारले चेतावनी दिएका छन् । शहीद र घाइतेहरुको रगत सुक्न नपाउँदै पुराना दलहरुले फेरि टाउको उठाउन खोजेपछि उनीहरुले आफूहरुको बलिदानी त्यतिकै खेर जान नदिने सचेत गराएका हुन् । जेनजी आन्दोलनका क्रममा झापामा ३ जनाले शहादत प्राप्त गरेका छन् भने सयभन्दा बढी घाइते भएका छन् । झापा अर्जुनधारा ११ का गोपाल सेढाई , अर्जुनधारा ८ का दिनेश राजवंशी र पाँचथर हिलिहाङ २ घर भई बिर्तामोड १० मा बस्दै आएका कमल भण्डारीको बिर्तामोडमा प्रहरीसंगको झडपमा मृत्यु भएको हो ।

बिर्तामोडमा प्रहरीसंगको झडपमा इलाम सूर्योदय १० का २७ वर्षीय राजेश पोर्तेलले एउटा खुट्टा गुमाएका छन् । तर, उनले साहस गुमाएका छैनन् । भ्रष्टाचारको दलदलमा फसेका पुराना दलहरुले फेरि टाउको उठाएर देश बर्बाद पार्न खोजे बैशाखी टेकेर फेरि आन्दोलनमा जाने उनले चेतावनी दिएका छन् । भदौ २४ गते जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि भएको झडपमा उनले आफ्नो दाहिने खुट्टा गुमाएका हुन् ।

अन्य आन्दोलनकारीहरुले गराएको ग्यास विष्फोटमा उनी परेका थिए । करिव दुई साता बीएण्डसी अस्पतालमा उपचार गराएपछि हाल उनी आफ्नो कोठामा आराम गरिरहेका छन् । प्रतिदिनसंग कुराकानी गर्दै उनले आन्दोलनका घाइतेहरुलाई कोही कसैले खोजी नगर्दा दुःख लागेको बताए । ' अस्पतालमा जेनजी आन्दोलनकारीहरु भेट्न आउनु भएको थियो ' उनले भने ,' तर सरकारका तर्फबाट कोही पनि आउनु भएको छैन , सहयोग पनि मिलेको छैन ।' ग्यास विष्फोटमा परी राजेशको तिघ्राभन्दा मुनिको भाग चुट्टिएको छ । विगत दुई वर्षदेखि राजेशले बिर्तामोडको रत्न सुपर मार्केटमा सुनचाँदीका गरगहना बनाउने कालिगढको काम गर्दै आएका थिए । भदौ २३ गते ओली सरकारले युवा विद्यार्थीमाथि दमन गरेको उनलाई मन परेको थिएन । ' म भदौ २३ गते नै क्रोधित थिएँ ' उनले भने ,' आन्दोलनकारीलाई साथ दिनुपर्छ भनेर भदौ २४ गते आन्दोलनमा गएँ । ' हर्कलाल मार्ग पूर्वपट्टि कोठामा बस्दै आएका राजेशका आमा अन्जना पोर्तेल , श्रीमती गौरी पोर्तेल र ७ वर्षकी छोरी अलिस्का पोर्तेल रहेका छन् । उनले आफूलाई कृत्रिम खुट्टाको व्यवस्था गरिदिन आग्रह गरेका छन् । परिवारको लागि कमाई गर्ने आफू अंगभंग भएपछि परिवारको पालनपोषण र छोरीको शिक्षाको लागि सहयोग गर्न उनले सरकारसंग मागसमेत गरेका छन् ।

त्यस्तै शहीद दिनेश राजवंशीका दाइ गोवर्द्धन राजवंशी (गोपाल) भाइको क्रियामा बसेका छन् । भाइको मृत्युको खबर सुनेर उनी विदेशबाट फर्किएका हुन् । आफूहरुले देखेको सपना पूरा नभए र देशद्रोहीहरु फेरि सलबलाए भाइसंगै आफू पनि ज्यान दिन तयार रहेको उनले चेतावनी दिएका छन् । ' हामीले देखेको सपना भोलीको दिनमा खुन खराबा नहोस्, भ्रष्टाचार नहोस् ,७४ जना शहीद भएका छन् ।
फेरि त्यहि दिन नआओस् । पुराना नेता फेरि फर्किए म पनि आन्दोलनमा जान्छु। अहिलेको सरकारलाई के भन्छु भने म्रो गरिदिनु पर्यो। देशको मुहार फेरिदिनु पर्यो । जनताको आवाज सुन्नु पर्यो। एउटा आमाको काख नरित्तियोस्. ।'

उनले सरकार र आन्दोलनकारीका तर्फबाट कोही पनि भेट्न नआएकोमा गुनासो गरेका छन् । कुनै पनि संस्थाबाट हामीलाई सहयोग आएको छैन। सिडियो कार्यालयबाट कोही पनि आउनु भएको छैन।. जेनजीका जति पनि युवा हुनुहुन्छ, लिडर हुनुहुन्छ, कोही पनि आउनु भएको छैन ।. त्यसमा हामीलाई दुःख लागेको छ । ' आर्थिक अबस्थालाई हेरेर उनले आफूहरुको पालनपोषण र शिक्षादिक्षाको व्यवस्था मिलाइदिन आग्रह गरेका छन् ।

# ऊर्जामन्त्री घिसिङ र बेलायतका राजदूतबिच भेटवार्ता




झापा(प्रस) ।ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवम् सहरी विकास मन्त्री कुलमान घिसिङ र नेपालस्थित बेलायतका राजदूत रब फेनबिच शिष्टाचार भेटवार्ता भएको छ । सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई बेलायतका राजदूत फेनले बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

भेटमा नेपाल-बेलायतबिचको मित्रता, सहकार्य, ऊर्जा क्षेत्रमा बेलायतको सहयोग, पूर्वाधार क्षेत्रमा लगानीको सम्भावना, जलवायु परिवर्तनबाट सिर्जित समस्या न्यूनीकरणका उपायहरूका लागि आवश्यक सहयोग लगायतका विषयमा छलफल भएको थियो ।
भेटमा मन्त्री घिसिङले जेनजी आन्दोलनपछि गठन भएको सरकारको मुख्य प्राथमिकताको रूपमा आन्दोलनका कारण क्षति भएका संरचनाको पुनर्निर्माण, आम चुनाव र सुशासन कायम गर्नु रहेको बताए । नेपालको पुरानो मित्र बेलायतले नेपालको आर्थिक विकासमा गरेको सहयोगको सराहना गर्दै नेपाललाई कार्वनरहित बनाउन विद्युतीय सवारी साधनको प्रयोग बढाउन चार्जिङ स्टेसन स्थापनाका लागि भइरहेको सहयोग प्रभावकारी रहेको बताए । यसैगरी, उनले बेलायतमा पूर्वाधार निर्माणमा सफल मानिएको सार्वजनिक निजी साझेदारी लगानी मोडेललाई नेपालमा पनि अनुसरण गर्ने, ग्रिन हाइड्रोजन, जलवायु परिवर्तनका कारण सम्भावित हिमताल विस्फोटको जोखिम अध्ययन लगायतका क्षेत्रमा सहयोग गर्न आग्रह गरे ।

बेलायत–नेपालको पुरानो मित्र भएकाले नेपालको सफलता आफ्नो देशको सफलता भएको उल्लेख गर्दै राजदूत फेनले नेपालको आर्थिक रूपान्तरणमा सहयोग गर्ने बताए ।

# दाजुभाइद्वारा हतियार प्रहार गरी छिमेकीको हत्या



झापा(प्रस) । झापाको बिर्तामोड ७ मा धारिलो हतियार प्रहार गरी एकजनाको हत्या भएको छ ।

सोमवार राति बिर्तामोड ७ स्थित खोलापारी भन्ने ठाउँमा स्थानीय अन्दाजी बर्ष ३५ का फुर्वा तामाङलाई सुतेको ठाउँमा सोही ठाउँ बस्ने बर्ष २८ का छिमेकी प्रेमकुमार राई र उनका दाजु वर्ष ३३ का रामकुमार राईले शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरि हत्या गरेका हुन् । बसिला र खुकुरीबाट तामाङको हत्या भएको जनाइएको छ । घटनामा प्रयोग भएको धारिलो हतियार खुकुरी र बसिला प्रहरीद्वारा बरामद गरिएको छ ।
हत्या गर्ने ब्यक्तिलाई स्थानीय गाउँलेले पक्राउ गरि प्रहरीको जिम्मा लगाएका छन् । समयमै प्रहरी नआउँदा हत्यामा संलग्न प्रेमकुमार राईले मदिरा सेवन गरी अन्य स्थानीयलाई समेत हत्या गर्छु भनी आतंकित बनाएका थिए ।

# हजार रुपैयाँ नदिएको झोकमा भाउजूमाथि एसिड प्रहार

झापा(प्रस) । एक हजार रुपैयाँ नदिएको निहुँमा विराटनगर महानगरपालिका-९ धोबियारीमा एक देवरले आफ्नै भाउजूमाथि एसिड प्रहार गरेका छन् । सोमबार दिउँसो २५ वर्षीय श्रवण साहले एसिड प्रहार गर्दा २२ वर्षीया भाउजू रागिनीदेवी साह गम्भीर घाइते भएकी छिन् ।
विराटनगरस्थित न्यूरो अस्पतालमा उपचाररत उनको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको अस्पतालले जनाएको छ । पारिवारिक स्रोतका अनुसार, घटनाको मुख्य कारण पैसाको लेनदेन र सोही विषयमा विवाद उत्पन्न भएको थियो ।



पीडितका श्रीमान् सन्तोष साहले भाइ श्रवणले भाउजूसँग तीन हजार रुपैयाँ मागेका थिए । रागिनीले आफूसँग भएको दुई हजार रुपैयाँ दिएकी पनि थिइन् । तर, बाँकी एक हजार रुपैयाँ नपाएको निहुँमा विवाद चर्किएको थियो । घटना हुनुभन्दा केही समयअघि पनि श्रवणले दाजु सन्तोषलाई ज्यान मार्ने धम्की दिएको बताइएको छ ।
सन्तोष आफ्नो घर नजिकै रहेको भाँडाकुँडा पसलमा थिए । त्यही बेला उनकी श्रीमती रागिनीले रुँदै फोन गरेर भाइले आफूमाथि आक्रमण गरेको र तुरुन्त घर आउन आग्रह गरेकी थिइन् ।

एसिड प्रहारपछि श्रवण साह फरार छन् । मोरङ प्रहरीकी प्रवक्ता डिएसपी कोपिला चुडालले घटनाबारे प्रहरीमा जानकारी आएको र एसिड प्रहार गर्ने श्रवण साहको खोजी कार्य तीव्र पारिएको बताइन् ।

# जुट निकाल्ने क्रममा पानीमा डुबेर मृत्यु

झापा(प्रस) । जुट निकाल्ने क्रममा पानीमा डुबेर मृत्यु सुनसरीको हरिनगरमा एक महिलाको मृत्यु भएको छ । मंगलवार दिउँसो करीब ३:३० बजे हरिनगर वडा नं ६ अर्णामा टपरा घर भएका भटन अन्सारीकी श्रीमती ४५ वर्षीया गुलशन खातुनको डुबेर मृत्यु भएको हो । उनी वडा नं ६ स्थित सुनसरी नदीमा जुट निकाल्ने क्रममा पानीमा डुबेकी थिइन् । स्थानीयहरूले शवलाई पानीबाट निकालेर घर लगेर राखेको प्रहरीले जनाएको छ ।


## Rong Rural Municipality

**Office of Municipal Executive**
**Paharigaun,Ilam**
**KoshiProvince, Nepal**

## INVITATION FOR E-BIDS

First Date of publication: - 24-09-2025 (2082-06-08)7:00hr

Rong RuralMunicipality Invites electronic bids from eligible bidders for the procurement of the following Works under National Competitive Bidding (NCB) Procedures.

| No | Contract Identification No. | Name of project | Estimated Cost (Without VAT & PSItem) | Bid Security (NRs.) And Validity Period | Bid Documents Fee (NRs) | Last Date Of Submission/ Opening Date& Time |
|---|---|---|---|---|---|---|
| 1 | RRM/ILAM/ WORKS/2082/083-03 | BarphalayangBarbhanjyangShantipur (Ronggaupalikawada no 1 & 2 kowada office, 4 no school &healthpost to main office jodnesadak) Barphalyangkhanda | 11761909.25 | 330000/- &120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR / 2025-10-26 15:00 HR |
| 2 | RRM/ILAM/ WORKS/2082/083-04 | BarphalayangbarbhanjyangShantipur (Ronggaupalikawada no 1 & 2 kowada office, 4 no school &healthpost to main office jodnesadak) Barphalyangkhanda | 14795720.65 | 370000/- &120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR / 2025-10-26 15:00 HR |
| 3 | RRM/ILAM/ WORKS / 2082 / 083-05 | KiratparkSarupahaSadakStaronnatiKarya | 5189324.84/- | 1,30,000/-&120 daysfrom deadline | 3000/- | 2025-10-26 14:00 HR /2025-10-26 15:00 HR |
| 4 | RRM/ILAM/ WORKS/2082/083-06 | KiratparkSarupakha Ra KarsausatarKalitarSadakStaronnatiKarya | 10156319.52/- | 2.50,000/-&120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR /2025-10-26 15:00 HR |
| 5 | RRM/ILAM/ WORKS/2082/083-07 | KutidadaChametarSadakKalopatreKarya | 32,43,337.09/- | 80000/-&120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR /2025-10-26 15:00 HR |
| 6 | RRM/ILAM/ WORKS/2082/083-08 | Harkate, Daile, Jaubari, Kuwapani, LimbuGaun, Pakhagaun, Lamitar, SengalengatarSadak | 1,34,31,213.60/- | 3,30,000/-&120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR /2025-10-26 15:00 HR |
| 7 | RRM/ILAM/ WORKS/2082/083-09 | Haspokhari, Majuwa, Sarupakha, Muchunge,, Nakhopa, Besibazar, Sadak | 1,35,17,602.52/- | 3,30,000/-&120 days from deadline | 3000/- | 2025-10-26 14:00 HR /2025-10-26 15:00 HR |

Eligible Bidders may obtain further information from the office of Rong Rural Municipality ,PaharigaunIlam or may visit e-GP system : www.bolpatra.gov.np/egInformation to deposit the cost of bidding document in Bank:
**Name of the Bank:** Nepal Investment Mega Bank Ltd.
**Name of Office:** Rong Rural Municipality, Ilam
**Office Code no:**
**Office Account no:** 18001400000086
**Office Account Name :** GA 1.1 RONG GA. PA. AANTARIK RAJASWO KHATA (For Bidding Document)
**Account Number:** 18001400000055Account Name: RONG GA PA DHARAUTI KHATA - GA 3 (For bid security)
**Contact No :** 9852640160

## निर्वाचन ऐन संशोधनका लागि अध्यादेशको गृहकार्यमा गृह मन्त्रालय

झापा(प्रस) । गृह मन्त्रालय निर्वाचन ऐन संशोधनका लागि अध्यादेशको गृहकार्यमा जुटेको छ । यसअघि नै निर्वाचन आयोगले १६ वर्ष उमेर पुगेकाले मतदान गर्न पाउने अवस्थाका लागि प्रचलित व्यवस्थामा सुधारका लागि प्रस्ताव पठाएको छ । त्यसआधारमा गृह मन्त्रालयले निर्वाचन ऐनमा संशोधन गर्ने गरी अध्यादेश ल्याउने तयारी अगाडि बढाएको छ ।

निर्वाचन आयोगका प्रवक्ता सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराई निर्वाचन आयोगले प्रस्ताव पठाएपछि त्यसमा छलफलगरेर सरकारले नै अगाडि बढाउन सक्दछ । ‘आयोगको प्रस्तावबारे केही जवाफ वा यसो गर्ने भयौं भन्ने जवाफ आएको छ’ भन्ने प्रश्नमा आयोगका प्रवक्ता भट्टराई भन्छन्, ‘आयोगले प्रस्ताव पठाएपछि सरकारले नै अगाडि बढाउने हो ।’

गृह मन्त्रालय स्रोतका अनुसार यसअघि बसेको मन्त्रिपरिषद्को बैठकमै निर्वाचन सम्बन्धी ऐन संशोधन अध्यादेश ल्याउने तयारी थियो । तर, विदेशमा रहेका नेपालीलाई समेत मताधिकार दिन सकिने विषयमा थप छलफल आवश्यक रहेको भनेर रोकिएको थियो ।

थप गृहकार्य गरेर निर्वाचन ऐन संशोधनका लागि अध्यादेश ल्याउने गृह मन्त्रालयको तयारी छ । यस गृहकार्यमा गृह मन्त्रालय रहेको छ ।

## शिक्षामन्त्री पुनलाई मन्त्रालयमै खानेबस्ने व्यवस्था

झापा(प्रस) । नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलाई मंगलबारदेखि मन्त्रालयमै खाने, बस्ने व्यवस्था गरिएको छ । प्रवक्ता शिवकुमार सापकोटाले मन्त्रीको कार्यकक्षसँगैको कोठामा खाने, बस्ने प्रबन्ध गरिएको बताए । ‘आजदेखि यहीं बस्ने कुराकानी भएको छ । कार्यकक्ष सँगैका कोठा खाली गरेर सुत्ने, बस्ने र भान्सा बनाइएको छ,’ उनले भने । भाद्र २४ गतेको प्रदर्शनमा सिंहदरबारभित्रको शिक्षा मन्त्रालयमा आगजनी भएपछि अस्थायी रुपमा ठमेलस्थित केसर महलमा सारिएको छ । केसर पुस्तकालयसँगैको उक्त भवनको पहिलो तलामा शिक्षा मन्त्रालयको कार्यकक्ष स्थापना गरिएको छ ।

मन्त्री पुनले सोमबार शपथपछि कार्यकक्षमा पदभार ग्रहण गर्दै सचिव चुडामणि पौडेललाई आफ्नो लागि गाँस, बासको व्यवस्था पनि मन्त्रालयभित्रै मिलाइदिन आग्रह गरेका थिए । २४ सै घण्टा मन्त्रालयमा बसेर काम गर्ने उनले घोषणा गरेका थिए । ‘म जता गए पनि जहाँ काम गर्छु त्यहीं बास बस्ने बानी छ । राष्ट्रिय आविष्कार केन्द्रमा काम गर्दा पनि त्यहीं बस्थें । काम परे कीर्तिपुरबाट २ महिनामा मात्रै काठमाडौं निस्कन्थें । म विरगन्ज गए पनि जहाँ काम गऱ्यो त्यहीं बस्ने हो,’ उनले भने, ‘मलाई एउटा सुत्ने खाट चाहियो । टेबुल कुर्ची चाहियो । किचन चाहियो । म आफैं पकाएर खान्छु ।’ मन्त्री नियुक्तिसँगै राष्ट्रिय आविष्कार केन्द्र नेपालबाट अलग भएको उनले जनाए । सोमबार राति भने उनी बास बस्न कीर्तिपुर नै पुगेका थिए ।

मन्त्री पुनले मन्त्रालयभित्रै सुरक्षाकर्मीलाई पनि सँगै बस्ने प्रस्ताव गरेका थिए । मन्त्रालयको काममा मात्रै सरकारी गाडीको सुविधा लिने उनको भनाइ छ । ‘माथि रिपोर्ट गर्नु मन्त्रालयबाट बाहिर निस्केको बेला मेरो पछिपछि आउन पर्दैन,’ साथमा खटिएका सुरक्षाकर्मीलाई उनले भनेका थिए । मन्त्रालयका प्रवक्ता सापकोटाले सुरक्षाकर्मीलाई समेत मन्त्रालयभित्रै बस्ने ठाउँको प्रबन्ध मिलाइएको बताए । ‘कोठाहरु खाली गर्दै मन्त्रीज्यूको टिमलाई बस्ने ठाउँ बनाएका छौं,’ उनले भने, ‘१/२ दिनमा व्यवस्थित हुन्छ ।’

## शब्दपत्रले वृक्षारोपण गरेर मनायो स्थापना दिवस

बिर्तामोड(प्रस) ।झापाको बिर्तामोड-४ बाट प्रकाशन हुँदै आएको शब्दपत्र डटकम अनलाइन न्यूज पोर्टले ५ औं स्थापना दिवसको अवसर पारेर वृक्षारोपण गरेको छ । शब्दपत्रले सोमवार अर्जुनधारा-५ स्थित पानीकलको वागेडाँगी सामुदायिक विकास केन्द्रको परिसरमा पाँचौ स्थापना दिवस तथा बार्षिकोत्सवको अवसरमा बिभिन्न जातका फलफूलका पाँच वटा बिरुवा रोपेको हो । शब्दपत्रले आँप, लिचि, अम्बकलगायतका पाँच परिकारका फलफुलका बिरुवा रोपेको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, शब्दपत्र प्रकाशन प्रालिका अध्यक्ष बालकृष्ण गिरी, प्रालिका सञ्चालक पार्वता गिरी, उमेश भारती, तारा दुलाल, अर्जुन गिरी, सम्पादक तथा प्रकाशक उद्धव पुरी, सल्लाहकार वासु दुलाल, खड्गराज गिरी, इन्द्रमणि पौडेल, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका सचिव पारसमणि मैनाली, दशनामी समाज बिर्तामोडका सचिव प्रजित पुरी, कोषाध्यक्ष बिदुर गिरीलगायतको सहभागितामा वृक्षारोपण गरिएको हो ।

वागेडाँगी सामुदायिक विकास केन्द्रका अध्यक्ष टेकनाथ अधिकारी (महेन्द्र) र उपाध्यक्ष एलबहादुर गिरीले वृक्षारोपण गरेर शब्दपत्रले वातावरण संरक्षणमा उल्लेखनीय कार्य गरेको भन्दै बिरुवा संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । सोही कार्यक्रमकाबिच प्रालिले चयन गरेका तीन जना सल्लाहकारहरुलाई प्रमाणपत्र समेत वितरण गरेको छ । वासु दुलाल, खड्गराज गिरी र इन्द्रमणि पौडेललाई सल्लाहकारको प्रमाणपत्र वितरण गरिएको हो ।

प्रालिका अध्यक्ष बालकृष्ण गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि महासंघका अध्यक्ष गिरीले सामाजिक सञ्जालमा आउने जुनसुकै समाचारले अहिले भ्रम सिर्जना गरेको भन्दै त्यस्ता समचारको पछि नलाग्न सर्वसाधारण सबैलाई आग्रह गरेका छन् । प्रालिकी सञ्चालक पार्बता गिरीले स्वागत गरेको कार्यक्रममा सम्पादक तथा प्रकाशक उद्धव पुरीले औचित्यमाथि प्रकाश पारेका थिए भने कार्यक्रमको सञ्चालन प्रालिका सञ्चालक उमेश भारतीले गरेका थिए ।



२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

कालिका टी इस्टेट परिवार
भद्रपुर, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

बन्दीविकास पुस्तकालय परिवार
भद्रपुर, झापा


नेपालीहरुको महान् चाड वडा दशै, विजयादशमी, तिहार, छठ पर्व, इद, नेपाल सम्बत् लगायतका २०८२ सालका सबै चाडपर्वको सुखद उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरु, बुबाआमाहरु, शिक्षा क्षेत्रका सबै पेशागत संस्थाका पेशाकर्मीहरु, जनप्रतिनिधिहरु, माननीय गुरु, सुरक्षाकर्मी, मिडियाकर्मी, निजामती, शिक्षक, विद्यालय कर्मचारीहरु, अभिभावकहरु, विद्यालय व्यवथापन समिति, विद्यार्थी भाइबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै यो सालका पर्वहरुले दशकौंदेखि सरकारबाट अन्याय र विभेदमा परेका हजारौं पीडित अस्थायी सार्वजनिक विद्यालय कर्मचारीहरुको न्यायोचित जायज माग मुद्धाहरु शिक्षा विधेयक र २०८० को नयाँ ऐन, नियमावली दरबन्दी, उपदानहरु प्राप्त हुन सकून् भन्ने पनि शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : चन्द्रप्रसाद प्रसाई ९८२४९७६९९१, ९८४२७११४०६
सचिव : विश्वविक्रम दाहाल ९८१६९२७९०८

नेपाल विद्यालय कर्मचारी परिषद्, तथा सम्पूर्ण जिल्ला समिति परिवार, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

गोरखकाली सिमेन्ट उद्योग परिवार
दुहागढी झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

चन्द्रगढी टी इस्टेट परिवार
चन्द्रगढी, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : हिरण्यकुमार न्यौपाने
नेपाल निजामती कर्मचारी संगठन परिवार

अध्यक्ष :वशिष्ठ अधिकारी
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
चन्द्रगढी, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रिन्सिपल : इशुभ पाण्डे
प्रज्ञा एकेडेमी परिवार
भद्रपुर, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

सचिव :दुर्योधन कार्की
अध्यक्ष : चुडामणि मैनाली
चन्द्रगढी दोस्रो खानेपानी तथा सरसफाई समिति परिवार
भद्रपुर, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

पशुहाट पटके कर संकलन परिवार
भद्रपुर, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

अध्यक्ष : प्रज्वल राई
झापा उद्योग संघ परिवार
भद्रपुर, झापा


२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौ ।

प्रोप्राइटर : राजकुमार राई
जनतारा कन्स्ट्रक्सन परिवार भद्रपुर, झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकारको निर्णय सकारात्मक

**मन्त्रिपरिषद्ले जेनजी आन्दोलनका क्रममा भएको विध्वंसबाट क्षतिग्रस्त औद्योगिक एवं व्यावसायिक प्रतिष्ठानहरूलाई तत्काल पुनरुत्थानमा सहयोग गर्न आर्थिक सहुलियतका केही निर्णय सार्वजनिक गरेको छ। निजी क्षेत्रको मनोबल उकास्न सहयोग पुग्ने सरकारको यो निर्णय सकारात्मक र सराहनीय देखिन्छ। नेपालका प्रमुख उद्योगी व्यवसायीका व्यावसायिक प्रतिष्ठानदेखि निजी निवाससम्म लक्षित गरी गरिएको विध्वंस सम्भवतः नेपालको इतिहासमै निजी सम्पत्तिको सबैभन्दा ठूलो क्षति हो। हुनत, सार्वजनिक सम्पत्तिमा पनि यसपटकको आन्दोलनमा जति क्षति यसभन्दा पहिले कहिल्यै भएको थिएन। पुनरुत्थानका लागि सहयोग पुग्नेगरी गरेको निर्यण सकारात्मक छ।**

**सार्वजनिक गरिएको जानकारीअनुसार प्रत्यक्ष अनुदानभन्दा पनि सरकारले पुनःनिर्माणका लागि आयात गरिने सामग्रीको भन्सारमा केही छुट दिने, बिमा कम्पनीहरूले क्षतिको ५० प्रतिशत अग्रीम भुक्तानी दिने र बैंकहरूले कर्जा भुक्तानी समय थप गर्नेजस्ता सहुलियत दिइनेछ। यस्तै, क्षतिग्रस्त प्रतिष्ठानमा कार्यरत कर्मचारीको जागिर निरन्तर राख्न चाहनेहरूलाई पनि सहुलियत कर्जाको व्यवस्था हुनेछ।**

**मन्त्रिपरिषद्का यी निर्णयहरूले पक्कै पनि विध्वंसबाट अकल्पनीय क्षति भोगेका उद्यमी व्यवसायीको मनोबल सुदृढ गर्न पक्कै सहयोग पुग्नेछ। साथै, 'धुलो टकटक्याएर उठ्ने' उनीहरूको अठोटमा थोरै भए पनि भरथेग हुनेछ। आन्दोलनपछि बनेको सरकार निजी क्षेत्रप्रति यति उदार र संवेदनशील हुनु सकारात्मक सङ्केत हो।**

**नेपालमा जनताले भोग्ने समस्या भने नीतिगत कारणले भन्दा पनि कार्यान्वयनमा हुने रकमी ढिलासुस्ती र अड्को थाप्ने कारिन्दा प्रवृत्तिसँग बढी सम्बन्धित हुन्छ। जेन–जी आन्दोलनपछि पनि कारिन्दाको रकमी प्रवृत्तिको सुधार त भएको छैन। यसैले राज्यले निजी प्रतिष्ठानहरूलाई उपलब्ध गराएको सुविधा पाउन पनि सहज भने नहुनसक्छ।**

**व्यवसायीहरू राज्यले दिएको भन्सार छुट वा सहुलियत कर्जाजस्ता सुविधा उपयोग गर्न 'टेबलमुनिको अर्थतन्त्र'को भर पर्नुपर्ने भयो भने अहिले बलियो भएको मनोबल पुनः गिर्नेछ। निजी सम्पत्तिमा लुटपाट र आगजनी हुँदा पनि सुरक्षाकर्मीका साथै दमकलसमेत नआउने अवस्थाले राज्यप्रतिको विश्वास यसै खण्डित भएको छ। त्यसमाथि सरकारले दिएको सहुलियत पाउन पनि थप सास्ती भोग्नु परेमा के होला ?**

**अहिलेका अर्थमन्त्री रामेश्वर खनाल पूर्वसचिव पनि भएकाले नेपालको कर्मचारीतन्त्रको स्वभाव र प्रवृत्तिका सम्बन्धमा पूर्ण जानकार छन्। 'धुलो टकटक्याएर उठ्ने' अठोट गरेका व्यवसायीको आत्मविश्वासमा चोट नलाग्ने प्रबन्ध मिलाई त्यसको निकट निगरानी गर्नुपर्छ भन्ने अर्थमन्त्री खनाललाई पक्कै थाहा छ।**




# जनादेश खोजेको जेनजी



• भुवन न्यौपाने

छोटो समय भएको आन्दोलनले देशमा अकल्पनीय उथलपुथल भयो। लामो समय जरा गाडेर बसेको भ्रष्टाचार, बेथिति र कुशासनको चरम प्रवृत्तिबाट ग्रसित मुलुकले छोटो समयमा अपूरणीय क्षति बेहोर्नु परेको छ। आन्दोलनका क्रममा अराजकता, आगजनी र आततायी प्रवृत्तिलाई कदापि क्षम्य मान्न सकिँदैन। त्यस्ता कुकीर्तिको कानुनबमोजिम कारबाही हुनु पर्छ।

सरकारले पछिल्लो समय गरेका कतिपय निर्णय, सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, आक्रोश र मुलुकमा व्याप्त भ्रष्टाचारका विरुद्धमा जेनजीको पहल, सक्रियता र सहभागितामा सुरु भएको एउटा गैरराजनीतिक प्रदर्शनले २४ घण्टा नबित्दै सरकार ढल्यो। संविधानको स्पष्ट प्रावधानबाट भन्दा पनि आवश्यकताको सिद्धान्त र विषम परिस्थितिबाट अन्तरिम सरकार गठन भएको छ। जनप्रतिनिधिमूलक प्रतिनिधि सभा विघटन भएको छ। आगामी फागुन २१ का लागि चुनावको मिति घोषणा भएको छ। यति छोटो समयमै भएको यो स्तरको परिवर्तन नेपालका लागि मात्र होइन विश्वमै विरलै हुने घटनाका रूपमा दर्ज भएको छ। अर्कातर्फ यसले अभूतपूर्व रूपान्तरणको सङ्केत पनि दिएको छ। यद्यपि जेनजीको आन्दोलनबाट केकस्ता सुधारका सङ्केत गरेको छ भन्ने बहसको खाँचो छ।

### कानुनी शासन र दण्डहीनता

पछिल्लो विकसित विषम परिस्थितिबारे विभिन्न कोणबाट बहस, विमर्श र आरोपप्रत्यारोप पनि सुरु भएका छन्। विगतका आन्दोलनभन्दा फरक शैलीमा देखिएको यस्तो आन्दोलन अनुमान पनि गरिएको थिएन। आन्दोलनका क्रममा आन्दोलनकारी र सरकारी पक्ष, प्रशासन तथा सुरक्षाकर्मीबाट कानुन उल्लङ्घन भएका धेरै तथ्य बाहिरिएका छन्। आन्दोलनमा घुसपैठ भएको चर्चा व्यापक छ। यसले उत्पन्न गराएको अराजकता, आगजनी र अमानवीयता कानुनको प्रथम दृष्टिमा नै अस्वीकार्य छन्। यस क्रममा आन्दोलनका बहुरूप देखिए। प्रहरी प्रशासन, सुरक्षा निकाय र नेतालाई आक्रमण गर्नेहरू पनि देखिए। सुरक्षा दिएर बचाउने मानवीयता भएका पनि देखिए। समाजका अराजक तत्वको सूक्ष्म अनुसन्धान र कारबाहीमा धेरै ढिला गर्नु हुँदैन।

नेतृत्वको सामूहिक असफलता, सरकारको अकर्मण्यता, संवेदनहीन सत्ता सारथीहरू, सुरक्षा निकायका संवेदनशील भूमिकामा आशङ्का पनि देखिएका छन्। व्यक्तिगत, व्यावसायिक, सरकारी, सार्वजनिक र सञ्चार जगत्मा भएका क्षति देख्दा आँसु थाम्न सकिने अवस्था छैन। के कारणले हाम्रो समाजभित्रको सहिष्णुता भङ्ग हुन पुगेको हो समीक्षा आवश्यक छ। निष्पक्ष अनुसन्धान गरी गल्ती गर्नेलाई कानुनी दायरामा ल्याउन सकिएन भने राज्यको वैधानिकता र अन्तर्राष्ट्रिय छविमा दाग लाग्ने छ। कारागारबाट हजारौँ कैदीबन्दी भागेका छन्। त्यसले समाजमा पार्ने प्रभाव, कानुनी र सुरक्षा संवेदनशीलता बढाएको छ। त्यस्ता कसुरलाई कानुनी दायरामा ल्याउन सकिएन भने दण्डहीनताले प्रश्रय पाउने भय हुन्छ।

आर्थिक, सामाजिक, भौतिक, मानवीय दृष्टिले नेपाली समाज अहिले विछिप्त छ। हाम्रा भातृत्व, मानवता, राजनीतिक र सामाजिकीकरणका सम्बन्ध भत्किएका छन्। कानुन, सुरक्षा र राज्यप्रति नागरिक विश्वस्त बन्न सकेका छैनन्। यस्तो अवस्थामा पारदर्शी, जवाफदेही र कानुनी शासनको अभ्यास गर्न सरकार चुक्नु हुँदैन। यस्तो समयमा आफ्नालाई जोगाउने र अर्कालाई मात्र कारबाही गर्ने वातावरण नबनोस्। सत्य, तथ्य, प्रमाणका आधारमा कानुनबमोजिम कारबाही गरेर समाजमा कानुनी शासनको प्रत्याभूति दिलाउन कुनै पनि कसर बाँकी राख्नुहुन्न।

जेनजीको आन्दोलनले गम्भीर प्रश्नको खोजी गरिरहेको छ। राजनीतिक जिम्मेवारीमा रहेका मन्त्री, प्रधानमन्त्री मात्र होइन, गृह प्रशासन र प्रहरी सबैलाई छानबिनको दायरामा राखेर दोषी दण्डित हुने प्रभावकारी छानबिन आवश्यक छ। संवैधानिक अङ्गका रूपमा रहेको भ्रष्टाचारको छानबिन गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा सरकारीमातहतको सम्पत्ति शुद्धीकरण विभाग पनि विगतमा शासकीय दम्भबाट विमुख भएका छैनन्। संवैधानिक निकाय आफ्नो जिम्मेवारी र दायित्व भन्दा पनि राजनीतिक इच्छाशक्तिबाट ग्रसित भएका उदाहरण छन्। त्यसको सुधारका लागि पनि सरकारले चासो राख्नुपर्ने देखिन्छ।

### स्वतन्त्र र निष्पक्ष निर्वाचन

निर्वाचन लोकतन्त्रको सुन्दरता हो। अन्तरिम सरकार छ महिनाका लागि हो। फागुन २१ भित्र प्रतिनिधि सभाको चुनाव सम्पन्न गर्नु प्रमुख दायित्व हो। संवैधानिक प्रणाली शिरोधार्य गरी जननिर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु हो। भयरहित निर्वाचनका विषयमा राजनीतिक दलसमक्ष अझै आशङ्का कायम छ। राजनीतिक दल स्वतन्त्र, निष्पक्ष र निर्बाध निर्वाचनमा सहभागी हुने वातावरण भएन भने चुनाव सम्पन्न हुन सक्दैन। अन्तरिम सरकारले र दलका प्रतिनिधिसँग पनि संवाद, सहकार्य र समन्वय गर्नु पर्छ। अन्तरिम सरकार र राजनीतिक दलका दुरी र अविश्वास बढ्दै गए निर्वाचनको अनिश्चितता बढ्ने सङ्केत पक्कै हुन्छ।

लोकतान्त्रिक निर्वाचन राजनीतिक वातावरण हो। विश्वसनीयता र राजनीतिक वातावरणका लागि उनीहरूको विश्वास र सहभागिता अपरिहार्य छ। राजनीतिक वातावरण बनाउने दायित्व सरकारको हो। निर्वाचन आयोग त सरकार, राजनीतिक दल र जनताबिचको सम्बन्धसेतु अर्थात् प्राविधिक व्यवस्थापन गर्ने मात्र हो। सरकारले नै दल र जनतालाई निर्वाचनमा व्यापक सहभागिताका लागि आह्वान, प्रोत्साहन गर्नु र विश्वस्त पार्नु पर्छ।

### सुशासनको मानक सुरुवात

नवपुस्ताले भ्रष्टाचारमा शून्य सहनशीलता, सुशासन, शिक्षा, रोजगारी र स्वास्थ्यमा जनताको पहुँचको चाहना राखेका छन्। नेपालमा जनादेश खोजेको नवपुस्ताले राजनीतिक, सामाजिक र सांस्कृतिक कोणबाट मुलुकको रूपान्तरणको एजेन्डा बोकेका छन्। सामाजिक सञ्जाल, अन्तर ष्ट्रिय अनुभव, सूचना तथा सञ्चारको प्रभाव, प्रविधि तथा विज्ञानको विकास, प्राविधिक पहुँच र सुशासन, पारदर्शिता र जवाफदेहिताका अभ्यासका कारण उनीहरू पुराना राजनीतिक संरचनाभन्दा बढी आवाजमय र प्रश्न गर्न सक्षम भएका छन्। जुन विषयलाई सकारात्मक रूपमा लिएर सार्थक परिवर्तनका लागि सबैको सहकार्यको खाँचो छ।

जेनजीको जनादेश खोज्ने आधार प्रशस्त थिए। राजनीतिक प्रणालीमा निराशा, दशकौँदेखि नेतृत्वको पुस्तान्तरण नहुनु, नेतृत्वको सामूहिक असफलता, बेथिति, कुशासन र भ्रष्टाचार, असक्षमता रहेका छन्। स्वदेशमा नै रोजगारी र अवसरको अभाव छ। ठुलो संख्यामा युवा शक्ति विदेश पलायन छ। यो पुस्ताले नेपालमै परिवर्तनको माग गरेका छन्। स्वदेशमा नै भविष्य खोजी गरिरहेका छन्। जुन यो समयमा मह□वपूर्ण विषय पनि हो। देश निर्माणका लागि यो पुस्ताको चासो, सक्रियता, संयमता, सहभागिता र सचेतनाको खाँचो छ। यसले मुलुकको रूपान्तरणको मार्ग तय पनि गर्न सक्छ।

संविधानले पहिचान र स्वतन्त्रतामा लैङ्गिक समानता, अभिव्यक्ति स्वतन्त्रता, समावेशी राजनीतिलाई प्राथमिकतामा राखेको छ। सामाजिक न्याय र पारदर्शिता र जवाफदेहिता, दिगो र पर्यावणीय संरक्षण, डिजिटल पारदर्शिता, शिक्षा स्वास्थ्यमा समान पहुँच परिकल्पना गरेको छ। राजनीतिक दलका नेतृत्व र कर्मचारीतन्त्रले दिने विकासका सपना, अग्रगमन, भ्रष्टाचारमा शून्य सहनशीलता जस्ता अमूर्त वाचा र व्यवहारबिचको अन्तरले राज्य संयन्त्र र नागरिकबिच विश्वासको खाडल आएको छ। त्यसैको परिणाम अहिलेको परिस्थिति जन्मिएको हो। अब दलमा मात्र नभई कर्मचारीतन्त्रमा समेत व्यापक सुधारको खाँचो छ।

नागरिक र राज्य संयन्त्रबिचको गहिरो विश्वासको सङ्कट छ। दशकौँको राजनीतिक उतारचढावपछि पनि दलभित्र सुधार र जवाफदेहिताको अभावले यो खाडल अझ फराकिलो बनेको छ। देश चलाउने निर्वाचित जनप्रतिनिधिले नै हो। लोकतन्त्रमा राजनीतिक दलविहीन राज्यको कल्पना गर्न सकिँदैन। त्यसका लागि लोकतन्त्र, संविधान र दलहरूको सुधार जेनजीको पहिलो सर्त पनि हो। नयाँ पुस्ताले पुराना दलको नेतृत्व र अभ्यासप्रति असन्तोष देखाएको छ। उनीहरू सिङ्गो पुस्ताको प्रतिनिधित्व गर्ने नयाँ विचारधारा, राजनीतिक विकल्प, आर्थिक, सामाजिक रूपान्तरण खोजिरहेका छन्। दललाई सुधारिन यो पुस्ताले सचेत गराएको छ।

अन्त्यमा मुलुकले अकल्पनीय मानवीय क्षति बेहोर्नु परेको छ। व्यक्तिगत, व्यावसायिक, सरकारी, सार्वजनिक र सञ्चार जगत्का भौतिक संरचना, राज्यका न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका खण्डहर भएका छन्। हामीबिचको सहिष्णुता, भातृत्व, मानवता, राजनीतिक र सामाजिकीकरणका सम्बन्ध भत्किएका छन्।

यो समयमा पाका पुस्ताबाट नयाँ पुस्ताका लागि सहयोग, समन्वय र परामर्शको खाँचो पनि छ। यसर्थ नेपालमा जेनजी पुरानो राजनीतिक संस्कृतिबाट विमुख भएर नयाँ जनादेश, नयाँ नेतृत्व र नयाँ राजनीतिक अभ्यास खोजिरहेको छ। उनीहरूको चाहनालाई सही दिशामा रूपान्तरण गर्न सकियो भने यो पुस्ता नै नेपालको भविष्य राजनीतिक रूपान्तरणको नक्सा कोर्ने पुस्ता बन्न सक्छ।

# निर्वाचन सफल बनाउने अभिभारा



• बेनीबहादुर कार्की

राजनीति नयाँ मोडमा पुगेको छ। गत भदौ २३ र २४ गते जेनजीको आन्दोलनले यस्तो अवस्था उत्पन्न भएको हो। यति चाँडै यो अवस्था आउला भनेर धेरैले सोचेका थिएनन्। सत्तामा रहेका दुई ठुला दलले समेत यस्तो परिस्थितिको कल्पनासम्म गरेका थिएनन्। यद्यपि राजनीतिक विश्लेषक, स्तम्भकार र बुद्धिजीवीले धेरै पहिलेदेखि यस विषयमा लेख्दै र भन्दै आएका थिए तर सत्ताधारीले त्यसलाई खासै चासो दिएनन्।

मुलुकमा व्यापक भ्रष्टाचार र पक्षपात भएकाले नेपाली जनता निराश भइसकेका थिए। यही कारणले दैनिक हजारौँ युवा बिदेसिन बाध्य थिए। देशमा बसेर केही गर्ने अवस्था नभएपछि बिदेसिनुको विकल्प थिएन। झन् केपी शर्मा ओली नेतृत्वको सरकारले भदौ १९ गते फेसबुकलगायतका सामाजिक सञ्जाल बन्द गर्ने हठपूर्ण निर्णय गरेपछि त्यसैलाई जीवन पद्धति बनाएका जेनजी उमेरका युवा जमातलाई असह्य हुनु स्वाभाविक थियो, आखिर त्यही भयो। त्यो जमात देशव्यापी रूपमै विरोधमा उत्रियो। सरकारले दमन गर्ने क्रममा गोली चलाउँदा पहिलो दिन १९ जना कलिला विद्यार्थी मृत्युवरण गर्न बाध्य भए। यो दुःखद घटनाको भोलिपल्ट हत्याको विरोधमा सर्वसाधारणसमेत सडकमा निस्किए। यही क्रममा स्वार्थी मानिसको समूह घुसपैठका रूपमा प्रवेश गऱ्यो। त्यो समूहले नेताहरूको निवास, व्यापारिक भवन, सञ्चारगृह, निजी र सरकारी कार्यालयसमेत तोडफोड र आगजनी गऱ्यो।

सोही दिन मध्याह्न प्रधानमन्त्री ओलीले राजीनामा दिनुभयो। सुरक्षाकर्मीले भिडलाई थेग्न नसकेपछि हिंसाका घटना बढी भए। राष्ट्रकै धरोहर मानिने सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवनमा समेत आगो लगाइयो। यो जनधनको अपुरणीय क्षतिको मुख्य कारण भ्रष्टाचार र बेथिति नै हो। २०४६ सालयता सत्तामा बस्नेले गरेको भ्रष्टाचारकै कारण यस्तो परिस्थिति उत्पन्न भएको हो। धेरै व्यक्तिले अनाहकमा ज्यान गुमाउनु परे पनि आन्दोलनले छोटो समयमै सत्तालाई झड्का दिएकाले जेनजी समूह धन्यवादको पात्र बनेको छ।

नेपाली सेनाले सुरक्षाको जिम्मा लिएपछि आन्दोलन रोकियो। सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। तीन दिनदेखि अशान्त रहेको देश पुनः यथास्थितिमा फर्कियो। आन्दोलनका क्रममा भएको क्षति करिब दुई खर्बभन्दा बढी भएको अनुमान गरिएको छ। दुई दिनमा भएको जनधनको क्षतिको तत्कालै न्यायिक आयोग गठन गरी निष्पक्ष छानबिन गरेर दोषीलाई कानुनबमोजिम सजाय दिन जरुरी छ।

### अबको बाटो

अन्तरिम चुनावी सरकार बनेको छ। यो सरकारको मूल काम भनेको निर्धारित समयमा निर्वाचन गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो। यसै वर्षको फागुन २१ गतेका लागि निर्वाचन तोकिएको छ। यो काम फत्ते गर्न भने सहज देखिँदैन। एकतिर सुशासन कायम गर्नु छ भने अर्कोतिर सबै राजनीतिक दल र नागरिक समाजसमेतलाई मिलाएर सँगसँगै लैजानु छ। अर्कोतर्फ आन्दोलनकारीको मागलाई हरहालतमा पूरा गर्नैपर्ने बाध्यकारी अवस्था छ। यो नेपाली जनताको चाहना र आवश्यकता पनि हो। यति मात्र नभएर आर्थिक सङ्कटमा परिसकेको नेपालमा यो सङ्कट पार लगाउनुपर्ने चुनौती पनि चानेचुने छैन।

### अन्तरिम सरकारले गर्नैपर्ने काम

यो सरकारका चुनौती भनेको भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नु नै हो। यो काम गर्न पटक्कै सजिलो छैन। अहिलेसम्मको अनुभवले यही भन्छ। अपवादबाहेक सबैको मनमा लोभ र पाप भरिएको छ। यो यथार्थ यही आन्दोलनका दृश्यले पनि उजागर गरिसकेकै छ। भ्रष्टाचार निर्मूल हुने सम्भावना कमै छ। नेपालमा भ्रष्टाचार नियन्त्रण हुन सबैको मनको लोभ र पाप हट्न जरुरी हुन्छ। बसेको बानी बाध्यताले हट्न गाह्रो छ। यही भएर यो समस्या दिनानुदिन विकराल बन्दै गएकाले आन्दोलन बाध्यकारी रूपमा आएको हो। यसो भनेर यो सरकारलाई सुख छैन। जसरी पनि भ्रष्टाचार नियन्त्रण गर्नु नै छ। यसका लागि सबैभन्दा पहिले भ्रष्टाचारमा मुछिएका जोकोहीलाई निष्पक्ष छानबिन गरी निर्भिक भएर कारबाही अगाडि बढाउन यो सरकारलाई कोही कसैले रोक्दैन, यो कामको थालनी आजैबाट सुरु गरौँ।

### संविधान संशोधनका कुरा

संविधान संशोधन जटिल विषय हो। यद्यपि जेनजीले भने अनुसार कार्यकारी प्रधानमन्त्री निर्वाचनको माग पनि जोडिन आएको छ। यो माग अन्तरिम सरकारले पूरा गर्न सम्भव हुँदैन। संविधान संशोधन गर्ने यसको कार्यक्षेत्र पनि होइन, यसलाई यो म्यान्डेट छैन पनि। जुन राष्ट्रपतिले भनिसक्नुभएको छ। यो कुरा सरकारले त सजिलै बुझ्ने छ। यो कुरा जेनजीले पनि बुझ्नु जरुरी छ। संविधान संशोधन गर्न संसद्को दुई तिहाइ बहुमत चाहिन्छ। संसद् अहिले विघटन गरिएको छ। यो हाम्रो ऐतिहासिक दस्ताबेज र गणतन्त्रका लागि नभई नहुने भएकाले संविधान बनाउने बाटोतिर लागौँ। सरकारलाई बल लगाउनुभन्दा जरुरी छ आममतदातामा चेतना जगाउन। तपाईंहरू घर घरमा हुनुहुन्छ। जनतामा चेतना ल्याउन सके सजिलै चुनाव जित्न सकिन्छ। पुराना पिँढीले अवसर गुमाइसके। तपाईंहरूले जित्नुभएको छ। अहिलेलाई कार्यकारी प्रधानमन्त्रीबाहेक भ्रष्टाचार नियन्त्रण र सुशासनसमेतका माग पूरा गर्न सम्भव हुन सक्छ। कार्यकारी प्रधानमन्त्रीको माग निर्धारित निर्वाचन सफल पारेर पूरा गर्ने बाटो बनाऔँ।

### संसद् विघटनको विषय

मौजुदा संविधानको धारा ७६ को आधारमा बनेको सरकार होइन, आन्दोलनको बलमा बनेको हो। विगतमा पनि सहमतिका आधारमा संसद् बिउँतिएर ८३ जना जङ्गलबाटै सांसद भएर आएको उदाहरण हाम्रैसामु छ। पहिलेका प्रधानमन्त्रीले जस्तो स्वार्थले होइन। यो बाध्यकारी अवस्थामा भएको थियो। यो यथार्थ सबैले बुझेकैले बुझनपचाई सबैले सहमति गरेर निष्पक्ष रूपमा निर्वाचन गराएर नयाँ जनादेश लिनु पर्छ। त्यसपछि सुख नेपाली र समुन्नत नेपाल बनाउने बाटोमा अघि बढौँ। फेरि पनि यसैमा हामी सबैको हित र कल्याण हुने छ।

### दलहरूको बुझाइ

दलहरूको भनाइ र गराइ अझै चित्त बुझेको छैन। अझ विग्रह निम्तन सक्छ। निश्चित रूपमा यो अनिष्टकारी हुने छ। कृपया दलहरूका पहिलो पङ्क्तिका नेता अभिभावक बनौँ। दोस्रो पङ्क्तिका नेता दललाई पुनर्संरचना गर्न सफल साबित हुनु पर्छ। हरेक दलमा तेस्रो पङ्क्तिका नेतालाई बहुमतमा राखेर स्वच्छ र इमानदार नेतालाई नेतृत्वको अवसर दिऔँ। यो नै अहिलेको आवश्यकता र निकास पनि हो।

### निष्कर्ष

राष्ट्रिय सङ्कटको घडीमा राष्ट्र र राष्ट्रियताका लागि हामी सबै एक हुनुको विकल्प छँदै छैन। हिजोसम्म शासन गरेका ठुला दलका पाका नेता वा आज आन्दोलनमा उभिएका जेनजी युवा, हामी सबैलाई नेपाल र नेपालीको माया छ र हुनु पनि पर्छ। यही भएर जेनजी ज्यानै अर्पेर सहिद भएका हुन्। अहिलेको यो सङ्कटको बेलामा दम्भ कसैले नगरौँ। पुराना दलका शीर्ष नेताले अझै शासन गर्छौं भन्ने दम्भ त्यागौँ।

जेनजीले सिधै कार्यकारी प्रधानमन्त्रीको चुनावको जिद्दी छोडौँ। यो चुनावी अन्तरिम सरकारले भ्रष्टाचारीलाई खोरमा हालेर भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएकालाई कानुनी कारबाही गरेर नेपालमा सुशासन दिनसके बाँकी काम निर्वाचित सरकारले गर्ने आधार बन्छ। अनि आउने सरकारले बाँकी काम सजिलै फत्ते गर्ने छ।

इतिहासले देखाएको छ जित्नेकै सरकार बन्छ। तपाईंले जितिसक्नुभएको छ। इमानदार र योग्य व्यक्तिलाई उम्मेदवार बनाउनुहोस्। अपवादबाहेक जित तपाईंहरूकै हो। पुराना अस्ताउँदा घाम हुन्, तपाईंहरू उदाउँदा घाम। नेपालीले उदाउँदा घामलाई नै साथ दिने पक्का छ।

संयमित भएर निर्वाचनमा सहभागी होऔँ र हुने वातावरण पनि बनाऔँ। सबै एक भएर फागुनको निर्धारित निर्वाचन सफल पारौँ। यो काम नभएमा झन् अनिष्ट हुन सक्छ। यो काम भयो भने महत्वपूर्ण र ऐतिहासिक काम हुने छ। अबको हाम्रो बाटो पनि यही हो।

